# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः १९-२०७९/०८०

मिति २०८०/०२/३०

समय: बिहान ७:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| **नामथर** | **पद** |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देवघाट, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०८०/०२/३०** **वैठक संख्याः १९-२०७९/०८०**

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा
२. खानेपानी पाईप ब्यवस्थापन सम्बन्धमा
३. विषयगत समिति कार्यविधि स्वीकृत सम्बन्धमा
४. आ.व. २०८०/०८१ को लागि नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा
५. फलफूल विरुवा वितरण सम्बन्धमा
६. आयोजना फरफारक सम्बन्धमा
७. घण्टाचुली पर्यटन पूर्वाधार आयोजना ठेक्का तोड्ने र बैंक ग्यारेण्टी जफत गर्ने र कालो सूचीमा राख्ने सम्बन्धमा
८. क्वादी खानेपानी आयोजना सम्बन्धमा
९. ठेक्का लगाइएको आयोजना प्रगति सम्बन्धमा
   क) गाउँपालिका प्रशासनिक भवन निर्माण आयोजना
   ख) गाउँपालिका अस्पताल भवन निर्माण आयोजना
   ग) घिनाटार-टाउनचोक सडक कालोपत्र आयोजना
   घ) साउने-कर्ताप-फोस्रेपानी सडक निर्माण आयोजना
   ङ) वडा नं. २ र ४ वडा कार्यालय घेरावार तथा मर्मत सम्भार आयोजना
१०. अनुसन्धान केन्द्रको नाम परिवर्तन सम्बन्धमा
११. राष्ट्रिय भूमी आयोग, जिल्ला समिति तनहुँलाई दराज, कम्प्युटर प्रिन्टर सहयोग सम्बन्धमा
१२. देवघाट महिला सञ्जाललाई नगद अनुदान दिने सम्बन्धमा
१३. सडक हेरालु नियुक्ति सम्बन्धमा
१४. मर्मत शिर्षकमा रकमान्तरण सम्बन्धमा
१५. विपद् ब्यवस्थापन सम्बन्धमा
१६. सुरक्षित नागरिक आवास सम्बन्धमा
१७. सेति भतेरी कल्भर्ट निर्माण सम्बन्धमा
१८. भारी मेसिन प्रयोग अनुमाति दिने सम्बन्धमा
१९. नदीजन्य पदार्थ तथा माटोको स्टक प्रमाणित सम्बन्धमा
२०. सडक पोल सम्बन्धमा
२१. सट्टा शिक्षक सम्बन्धमा
२२. खाडल पुर्ने सम्बन्धमा
२३. आयोजनाको स्थान परिवर्तन सम्बन्धमा
२४. बगन्दी जाने बाटो मर्मत सम्बन्धमा
२५. स्थायी लेखा नम्बर (PAN) मान्य हुने सम्बन्धमा
२६. कालिका मोटर मार्ग नयाँ ट्याक सम्बन्धमा
२७. लोक कल्याणकारी सूचना विज्ञापन सम्बन्धमा
२८. जालि उपलब्ध गराउने समबन्धमा

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

... बहादुर थापा

निर्णयहरु:

**निर्णय नं. १:** यस अगाडीको कार्यपालिकाको वैठकको निर्णय कार्यान्वयन प्रगतिको समीक्षा गरियो ।

**निर्णय नं. २:** गौरीटार खानेपानी आयोजनाको पाइपलाई सडक खन्ने क्रममा ध्वस्त भएकोले खानेपानी सुचारू गर्न लागत सहभागीतामा काम गर्ने गरी रु. १,७०,०००.०० (अक्षरुपी एक लाख सत्तरी हजार रुपैंया मात्र) मर्मत शीर्षकबाट दिने निर्णय गरियो ।

**निर्णय नं. ३:** विषयगत समितिका तपसिल अनुसारका कार्यविधिहरु स्वीकृति गरियो ।

तपसिल

१) गाउँ सभामा पेश गर्ने ।
   - क) लेखा समिति गठन तथा सञ्चालन कार्यविधि २०८०
   - ख) विधान समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८०
   - ग) सुशासन समिति गठन तथा सञ्चालन कार्यविधि २०८०

२) स्वीकृत गर्ने
   - क) राजस्व परामर्श समितिको कार्य सञ्चालन कार्यविधि २०८०
   - ख) अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि, २०८०
   - ग) विषयगत समिति सञ्चालन कार्यविधि, २०८०
   - घ) बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्य सञ्चालन कार्यविधि, २०८०

**निर्णय नं. ४:** आ.व. २०८०/०८१ को लागि नीति तथा कार्यक्रमको सम्बन्धमा छलफल गरी स्वीकृत गरियो र गाउँ सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** विभिन्न जातका फलफूल उत्पादन वृद्धि गर्नको लागि किसानहरुलाई फलफूल बिरुवाहरु लागत साझेदारीमा वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:** आयोजनाको कार्यान्वयन तथा प्रगतिको विषयमा छलफल तथा समीक्षा गरियो र हालसम्म सम्पन्न भई भुक्तानी भएका तथा भुक्तानीको लागि पेश भएका आयोजनाहरु फरफारक गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:** घण्टाचुली पर्यटन पूर्वाधार आयोजनाको ठेक्का लिएको मृत संजिवनी-शिवशक्ति इको जे.भि. लाई सम्झौता अनुसार कार्य सम्पन्न गर्न पटक पटक समयमै काम सम्पन्न गर्न पत्राचार गरिएको, मौखिक रुपमा पनि भनिएकोमा हालसम्म पनि कार्य प्रगति नदेखिएको तथा प्राविधिक प्रतिवेदन अनुसार पनि सम्झौता अनुसार कार्य प्रगति नदिएकोले उक्त कामको ठेक्का लिने निर्माण व्यवसायी मृत संजिवनी-शिवशक्ति इको जे.भि.सँग भएको ठेक्का सम्झौता तोड्नु (भंग गर्नु) पर्ने देखिएकोमा कार्य सम्पन्न गर्ने अन्तिम मिति २०८० आषाढ २८ भएकोले सो समय पछि म्याद थप नगरी ठेक्का तोड्ने र बैंक ग्यारेण्टी जफत गरी गाउँपालिकाको खातामा जम्मा गर्ने र निर्माण ब्यवसायीलाई कालो सूचीमा राख्ने निर्णय गरियो र सो को लागि आवश्यक प्रक्रिया अगाडी बढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै दिइएको मोविलाइजेशन जफत गरी गाउँपालिकाको खातामा जम्मा गर्न यस भन्दा अघिको वैठकबाट निर्णय भए अनुसार नै गर्ने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. ८:** क्वादी खानेपानी आयोजना सम्पन्न गर्न आ.व. २०७८/०७९ मा ठेक्का सम्झौता गई काम अगाडी बढेकोमा सोही आ.व.मा ठेकेदार (निर्माण ब्यवसायी) ले काम सम्पन्न गर्न नसकेको, चालु आ.व. २०७९/०८० मा संघीय सरकारबाट सुनिश्चित भएमा बाँकी काम गर्ने गरी कार्यपालिकाबाट ६ महिना म्याद थप गर्ने निर्णय भएको तर बजेट सुनिश्चित नभएकोले चालु आ.व. मा थप काम हुन नसकेको तथा काम गर्न नसकिएकोले उक्त आयोजनाको ठेक्का लिएको ठेकेदार क्रिश्चल कन्स्ट्रक्सन प्रा.लि. सँगको ठेक्का तोड्ने, ठेकेदारलाई कुनै कारवाही नगर्ने र ठेक्काको कामको भुक्तानी दिन बाँकी कामको भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९:** ठेक्का लगाईएको तपसिल अनुसारका आयोजनाहरुको प्रगति समीक्षा गरियो र तपसिल अनुसार भएको पाइयो ।

तपसिल

क) गाउँपालिका प्रशासनिक भवन निर्माण आयोजना: कार्य प्रगति राम्रो नदेखिएको, समय समयमा पत्राचार गर्दा पनि काम ढिला भएको

ख) गाउँपालिका अस्पताल भवन निर्माण आयोजना: कार्य प्रगति राम्रो नदेखिएको, समय समयमा पत्राचार गर्दा पनि काम ढिला भएको

ग) घिनाटार-टाउन चोक सडक कालोपत्र आयोजना: लिखित, मौखिक ताकेता भएपनि कार्य प्रगति ज्यादै न्यून (नगन्य) मात्र भएको

घ) साउने-कर्तार-फोस्रेपानी सडक निर्माण आयोजना: काम भइरहेको

ङ) वडा नं. २ र ४ वडा कार्यालय घेरावार तथा मर्मत सम्भार आयोजना: वडा नं. २ मा काम शुरु नभएको

**निर्णय नं. १०:** पशुपंक्षी अनुसन्धान केन्द्र कोटाको नाम परिवर्तन गरी पशुपंक्षी विकास केन्द्र उपभोक्ता समिति कायम गर्ने निर्णय गरियो । साथै कृषक समुदाय स्तरबाट संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:** राष्ट्रिय भूमी आयोग, जिल्ला समिति तनहुँले दराज कम्प्युटर र प्रिन्टर खरिद गरी भुक्तानी माग गरेकोले भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १२:** देवघाट महिला सञ्जाल देवघाटलाई वडा महिला सञ्जाल शीर्षकबाट रु. २३,४४०.०० (अक्षरुपी तेइसहजार चार सय चालीस मात्र) नगद अनुदान भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १३:** तपसिल अनुसार सडक हेरालु नियुक्ति गरी काम लगाउने र भुक्तानीको लागि सिफारिस गरी पठाउन वडा कार्यालयलाई निर्देशन दिने तथा सडक हेरालुलाई प्रति महिना रु. १०,०००.०० (अक्षरुपी दश हजार रुपैंया मात्र) भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | वडा नं. | संख्या | महिना | कैफियत |
|---|---|---|---|---|
| १ | १ | १ | २०८० आषाढ,श्रावण,भाद्र र आश्विन अत्याधिक वर्षा हुने र सडक विग्रने तथा मर्मत गर्नुपर्ने समयमा मात्र | |
| २ | २ | ३ | | |
| ३ | ३ | २ | | |
| ४ | ४ | २ | | |
| ५ | ५ | १ | | |
| जम्मा | | ९ | | |

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. १४:** चालु आ.व. मा विनियोजन भएको खर्च शीर्षक नं. २२२१३ सवारी साधन मर्मत खर्चले नपुग भएकोले कर्मचारी पारिश्रमिक शीर्षकबाट रु. ५,००,०००.०० (अक्षरुपी पाँच लाख रुपैंया मात्र) रकमान्तरण गरी सवारी साधन मर्मत खर्चमा थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५:** गाउँपालिका कार्यालय, सबै वडा कार्यालयहरु र इलाक प्रहरी कार्यालयमा विपद् उद्धार सामाग्री राख्ने र आवश्यक सामग्री विपद् कोषबाट खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६:** हालसम्म रित पुगी प्राप्त भएका तथा वडा कार्यालयबाट सिफारिस भई आएका सुरक्षित नागरिक आवासका निवेदनहरुलाई दोस्रो किस्ता वापतको रकम रु. २०,०००.०० (अक्षरुपी बीस हजार रुपैंया मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १७:** सेति भतेरी कल्भर्ट निर्माणमा अपुरो हुन गएको काम पुरा गर्न थप ३,३०,०००.०० (अक्षरुपी तीन लाख तीस हजार रुपैंया मात्र) भैपरी शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८:** सेति भतेरी घाटमा वडा नं. ५ का भित्री सडकहरु स्तरोन्नती तथा मर्मत गर्न तथा गाउँपालिका काउन्टरबाट बिक्री गर्न, भारी मेसिन प्रयोग गर्न अनुमति दिइएकोमा थप जेष्ठ मसान्त सम्मको लागि २ वटा भारी मेशिन प्रयोग गर्न अमुमति दिने निर्णय गरियो ।

**निर्णय नं. १९:** यही जेष्ठ मसान्तसम्म उत्खनन् भएका नदीजन्य पदार्थ तथा माटोको स्टक प्रमाणित गर्न २०८० आषाढ ५ गतेसम्म म्याद दिई सुचना प्रकाशन गर्ने र म्याद भित्र आएका र श्रोत खुलेको स्टक प्रति घ.मी. रु. ३ (अक्षरुपी तीन रुपैंया मात्र) लिई प्रमाणित गरिदिने र प्रमाणित भएको स्टक सामान बिक्रि वितरण गर्न अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं २०:** भर्जनखोला सडकको नालि निर्माणको क्रममा १० वटा पोल सार्नुपर्ने भएकोले प्रति पोल रु. १०,०००.०० (अक्षरुपी दश हजार रुपैंया मात्र) र विद्युत प्राधिकरणलाई बुझाउनुपर्ने राजस्व चालु भैपरी वा मिल्दोजुल्दो शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २१:** महिला शिक्षक सुत्केरी हुँदा सट्टामा कार्यरत शिक्षकहरुको लागि रु. १,४३,२७२.०० (अक्षरुपी एक लाख त्रिचालिस हजार दुई सय बहत्तर रुपैंया मात्र) चालु भैपरी शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २२:** सिटिहल पछाडी ग्याविन जालि लगाएको ठाउँमा खाडल पुर्नुपर्ने भएकोले माटो पुर्ने खर्च रु. ३६,५००.०० (अक्षरुपी छत्तीस हजार पाँच सय रुपैंया मात्र) मर्मत शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २३:** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत देवघाट झोलुङ्गे पुल मुनी ग्याविन भर्ने आयोजनाको स्थान परिवर्तन गरी देवघाट-५, मदन आश्रित झोलुङ्गे पुल तल/छेउ ग्याविन जालि भर्ने कायम गरियो ।

**निर्णय नं. २४:** वडा नं. ५ बगन्दीमा जाने सडक मर्मत, सुधार र अपुरो नयाँ ट्राक खन्ने काम गर्नुपर्ने भएकोले सोको लागि आवश्यक बजेट मर्मत शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २५:** वडा नं. १,२,३ र ४ मा मूल्य अभिवृद्धि करमा (VAT) दर्ता भएका ब्यवसायी/निर्माण ब्यवसायी नभएकाले स्थायी लेखा नम्बर (PAN) मा दर्ता भएका ब्यवसायीबाट मालसामान आपूर्ती भएपनि मान्य हुने र उक्त बिल रकममा १५% कर कटाई भुक्तानी दिने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. २६:** वडा नं. २ कालिका मोटर मार्ग नयाँ ट्र्याक खन्ने कार्यका लागि रु. ९३,०००.०० (अक्षरुपी त्रियानब्बे हजार रुपैंया मात्र) चालु भैपरी शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २७:** बजेटको सिमितताले गर्दा २०८० आषाढ १ गते देखि कुनै पनि लोक कल्याणकारी सूचना विज्ञापन नदिने तथा आफू खुशी सूचना विज्ञापन राखी आउनेलाई भुक्तानी नदिने र यस अघि कार्यालयको अनुमति दिई प्रकाशन भएका सूचना विज्ञापनको लागी पुरै र अन्यलाई आंशिक ३० देखि ५० प्रतिशत सम्म रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २८:** वडा नं. १ चाँपखोला नजिक आकाश गुरुङको जग्गा छेउ नदी कटान तथा जग्गा संरक्षण गर्नको लागि १५ वटा जालि दिने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष